# लायन्स क्लब अफ पोखरा डल्फिनद्वारा
# नवौं पदस्थापनको अवसरमा

## प्रकाशित





# स्मारिका २०७९

## सातौं संस्करण

## Annual Report L.Y. 2021-022



**Melvin Jones**

Founder of Lions Club International



## BRIAN E. SHEEHAN

International President

LY 2022/023



**LION RAM BAHADUR BASEL**
**District Governor**
Tel: +977-61-570350 /570648
Mobile: +9779856021305
Email: rambasel10@gmail.com
HC: Lions Club of Pokhara Pipal Chautari



**LION CHANDRA KUMAR KC**
**First Vice District Governor**
Tel: +977-69-52003
Mobile +9779857640127
Email: chandra40127@gmail.com
HC: Lions Club of Beni Myagdi



**LION BINOD DHUNGANA**
**Second Vice District Governor**
Tel: +977-61-527166
Mobile +9779856022044
Email: pragatitt@gmail.com
HC: Lions Club of Pokhara Abhiyan



**LION HARI RAJ PANTA**
**District Cabinet Secretary**
Tel: +977-61-553052
Mobile +9779856025140
Email: hpanta33@gmail.com
HC: Lions Club of Pokhara Global Lake City



**LION SURYA NARAYAN BARAL**
**District Cabinet Treasurer**
Tel: +977-61-411567
Mobile +9779856021612
Email: suryanarayan.baral@yahoo.com
HC: Lions Club of Lekhnath

# लायन्स क्लब अफ पोखरा डल्फिन स्मारिका

वर्ष ९ | अंक : ७ | २०७९

## स्मारिका प्रकाशन समिति



ऋषि गिरी
संयोजक



लायन खिमलाल बराली
सदस्य



लायन गणेश बहादुर थापा
सदस्य




लायन बामदेव पौडेल
सदस्य



लायन गोविन्द खड्का
सदस्य

प्रकाशक
लायन्स क्लब अफ पोखरा डल्फिन



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।


प्रकृतिका कोटी-कोटी सम्पदाको आंचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

## झण्डाको अभिवादन

हामी हाम्रो राष्ट्रिय झण्डालाई अभिवादन गर्दै यस प्रति आफ्नो अटुट दृढ विश्वास व्यक्त गदर्छौं । एउटा सुयोग्य नागरिकको हैसियतले उत्साह र तत्परताका साथ आफ्नो कर्तव्य पूरा गरे मात्र यसको महिमा तथा गौरब बढ्दछ । यसको सुनौलो अक्षरले लेखिएको इतिहासले नै हामीलाई स्वदेश को मर्यादाका निम्ति सत्कार्य गर्ने प्रेरणा प्रदान गर्दछ । हामी हाम्रो राष्ट्रिय झण्डाप्रति अविचलित निष्ठाको घोषणा गर्दै र यसले देखाएको बाटो मा अघि बढ्दै यसको महिमा बढाउन तथा यसलाई राष्ट्रहरुका माझमा गौरवका साथ फरफराई राख्न साँचो प्रयास गर्नेछौं ।



धन्यवाद ।।

## लायन्सको आचारसंहिता

» आफ्नो कामको विश्वास राखी कडा परिश्रमले आफूलाई योग्य सावित गर्नु र स्तरीय सेवा प्रदान गरी ख्याती आर्जन गर्नु ।

» उचित पारिश्रामिक वा मुनाफाको माग गर्नु तर आत्मसम्मान गुमाएर वा कुनै अनुचित कार्य गरी मेहनत वा मुनाफा आर्जन नगर्नु ।

» आफ्नो कारोबार सफल गर्नलाई अरु कसैको कारोवारलाई नष्ट गर्न जरुरी छैन भन्ने याद गरी ग्राहकहरु प्रति वफादार तथा आफैप्रति सच्चा हुनु ।

» जुनसुकै बेलामा आफ्नो अधिकार स्तर वा अचरण अथवा आफ्नो सहकर्मीप्रतिको कार्यलाई आफूलाई शंका उठेमा त्यस्तो शंकालाई समाधान गर्नु ।

» कुनै चिज लिने दिने उद्देश्यले होइन कि निःस्वार्थ भावनाले मित्रता कायम गर्नु सच्चा मित्रतामा कुर्नपनि माग राखिदैंन तर जुन उत्साहले सेवा प्रदान गरिएको छ, त्यो हेरी सेवा स्वीकार गर्न सकिन्छ ।

» एक नागरिकको हैसियतले आप्नो राष्ट्रप्रति, प्रान्तप्रति, समाजप्रतिको दायित्व सदा हृदयगंम गरी मन, वचन र नीतिहरुप्रति बफादारी हुनु तथा आफ्नो समय, श्रम तथा धन प्रदान गर्नु ।

» दुःखमा परेका सहकर्मीहरुलाई हार्दिक सहानुभुती तथा कमजोर जरुरतमन्दहरुलाई सहयोग प्रदान गर्नु ।

» आफ्नो आलोचनाप्रति होसियार तथा प्रशंसाप्रति उदार भई केही बनाउनु तर नष्ट नगर्नु ।

# Club Profile

| | |
|---|---|
| क्लबको नाम : | LIONS CLUB OF POKHARA DOLPHIN<br>लयन्स क्लब अफ पोखरा डल्फिन |
| क्लबको लोगो : | |
| क्लब नं. : | १२२८२० |
| साबिक डिष्ट्रिकको नाम : | ३२५ बि १ नेपाल |
| हाल डिष्ट्रिकको नाम : | ३२५ आईं नेपाल |
| डिष्ट्रिक नं. : | ५१११ |
| डिष्ट्रिक आई डि नं. : | १५०६४९ |
| क्लब चार्टर भएको दिन : | २४ जुलाई २०१४ |
| संस्थापक अध्यक्ष : | लायन रामबहादुर बलकोटी |
| स्पोन्सर क्लब : | लायन्स क्लब अफ पोखरा समर्पण |
| एक्टेन्सन चेयर पर्सन : | लायन बिन्दु श्रेष्ठ<br>लायन अर्चना प्रधान |
| गाईडिङ लायन : | PDG लायन योगेन्द्र प्रधान<br>लायन डा. गोपिलाल श्रेष्ठ |
| चार्टर सदस्य : | ३६ |
| वर्तमान सदस्य संख्या : | ३३ |

# Lions Club Objectives

**TO CREATE** and fosters a spirit of understanding among the peoples of the world.

**TO PROMOTE** the principles of good government and good citizenshiop

**TO TAKE** an active interest in the civic, cultural social and moral welfare of the community.

**TO UNITE** the clubs in the bonds of friendship a good fellowship and mutual understanding.

**TO PROVIDE** a forum for the open discussion of all maters and public interest; provided, howevere, that partisan politics and sectarian religion shall not be debated by club member.

**TO ENCOURAGE** service minded people to service their community without personal financial reward and to encourage effieciency and promote high ethical standards in commerce, industry professional, public works and private endeavors.

The

# International Association

OF

# Lions Clubs

## CHARTER

### To All to Whom These Presents Shall Come:

GREETING

Know ye that *The International Association of Lions Clubs has granted, and by these presents does grant to the members, whose names are hereunto affixed, and to all regularly elected members and their successors, this charter, fully constituting them a local club, under the name and title of*

THE LIONS CLUB OF

**Pokhara Dolphin**

Sponsored by:

**Pokhara Samarpan**

*Located at* Pokhara, Nepal *with all the rights and privileges given to members of The International Association of Lions Clubs, according to the rules and regulations of the Constitution and By-Laws of The International Association now in force, or hereinafter enacted. This Charter shall be in full force and effect from the day of the date hereof, and for such time as the members of the local club shall conform to the laws and rules of the international association, otherwise this charter shall be revoked.*

*In Witness Whereof, The International Association of Lions Clubs has authorized its president and secretary to affix their signatures, and caused the seal of the association to be hereunto affixed this* 24th *day of* July *in the year of our Lord* 2014

Executive Administrator & Secretary

International President

THE INTERNATIONAL ASSOCIATION OF LIONS CLUBS SEAL

## Charter Members

LION TILAK PRASAD TIWARI
LION SHANDIP TIWARI
LION GOVINDA BDR. SHAHI
LION YADAV KUMAR SHRESTHA
LION KRISHNA KUMAR SHRESTHA
LION BAM DEV POUDEL
LION THAKUR PRASAD PANTHA
LION MILAN BABU SUNAR
LION SHANKAR OJHA
LION BIRENDRA NEPALI C.K.
LION SHER BAHADUR RANA

LION RAM BAHADUR BALKOTI
LION RISHI GIRI
* LION KAMAL THAPA
* LION ARJUN BDR. BHANDARI
LION BUDDHI KUMAR SHRESTHA
* LION KRISHNA BDR. ROKA
* LION PREM BDR. NEPALI
* LION DR. TIRTHA SHRESTHA
LION RAJAN PANTHA
* LION ACHYUT KATTEL
LION GOVINDA BDR. KHADKA
LION REBATI BHANDARI

LION SURESH LAMICHHANE
LION TIL BDR. GURUNG
LION DUDH RAJ TIWARI
* LION NABIN ADHIKARI
LION UMESH CHANDRA DEVKOTA
LION CHITRA BDR. B.K
LION PADAM LAL SHRESTHA
LION GANESH SHRESTHA
LION DILIP KUMAR NEUPANE
LION SURENDRA BARAL
LION DURGA BDR. THAPA
* LION NABINA ADHIKARI
* LION BIDHYA SAGAR POUDEL
* LION BINDU PD. SUBEDI



Lion Rishi Giri
Coordinator
Souvenir Publication Committee
Lions Club of Pokhara Dolphin

Dear Lion Giri,

It gives me immense pleasure to write a few words to be published in the Annual Souvenir of the Lions Club of Pokhara Dolphin.

First of all, let me congratulate all the members of the Lions Club of Pokhara Dolphin for their dedication and contribution to Lionism. President and all the past presidents of LC Pokhara Dolphin deserve appreciation for their great deeds in Lionism. Blood Donation Management District Coordinator Lion Rishi Giri has contributed a lot to the betterment of Lionism.

Let me also Congratulate and pass my sincere thanks to President Lion Padam Lal Shrestha and his team of L/Y 2021-022 for the wonderful leadership they have shown. Likewise my congratulations and best wishes to the team of President Lion Santa Bahadur Lamichhane ( 2022-023.

Lionism has given us the wonderful opportunity for fellowship, leadership, and service. Let's utilize this opportunity with full enthusiasm.

Let's all be united to make the Slogan "I Believe In Teamwork"a grand success.

I am sure this souvenir will contain lots of information about Lionism.

My best wishes for your future endeavors.

Yours in Lionism,

Lion Rajan Lamsal; PMCC
LCIF Area Leader



8th July, 2022
Lion Padam Lal Shrestha
President (L/Y 2021-22)
Lions Club of Pokhara Dolphin

## Subject: Message of Goodwill

Dear Lion,

Congratulations for your wonderful completion of a very successful tenure as a president of very active club of our district, Lions Club of Pokhara Dolphin. I am pretty sure that under your leadership, guidance and supervision your club went one step ahead, you and your dedicated team has doing enormous effort to uplift the stats of Lions Clubs in Pokhara in particular and throughout Nepal in general.
As a District Governor, I would like to motivate, encourage and persuade you and your team to be more devoted to uplift the status of those people in our society and in the pursuit of serving those people who are in dire need, I am equally ready to join hand with you. As one of the qualitative clubs in our district, I am very optimistic that you will do your best.
Once again congratulations and best wishes for your future endeavors.

With you always in Lionism.
Lion Ram Bahadur Basel
District Governor
L/Y 2022-23
District 325 I Nepal



लायन पदमलाल श्रेष्ठ ज्यु
अध्यक्ष (बर्ष २०२१/२०२२)
लायन्स क्लब अफ पोखरा डल्फिन

सर्व प्रथम आफ्नो क्लबको गतिबिधि र सदस्यहरुको बिस्तृत जानकारी सहित क्लबको पदस्थापना कार्यक्रमका अवसरमा स्मारिका प्रकाशन गर्न लाग्नु भएकोमा हृदय देखिनै हार्दिक बधाई दिन चाहन्छु ! लायन्स क्लब अफ पोखरा डल्फिन स्थापनाकाल देखिनै उत्कृस्ट क्लबका रूपमा विभिन्न सामाजिक सेवाहरु गरेर लायन्स क्लबका माध्यम बाट यहाँहरुले पुरयाउनु भएको योगदान, सेवाका कार्यहरु अत्यन्तै सह्रानीय छन् । लायन मित्र पदमलाल श्रेष्ठ ज्यू क्लबको अध्यक्ष बनेर आफ्नो टिमका साथ साथै सम्पूर्ण सदस्यहरुलाई सक्रिय गराई विभिन्न महत्वपुर्ण सामाजिक कार्यहरु हुन् अथवा Leadership Training हुन् अथवा डिस्ट्रिक्टले दिएका जिम्मेवारीहरु इमान्दारिता र अग्रपङ्तीमा रहेर कार्यहरु सम्पादन गर्ने सवालमा होस वा आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरेकोमा तपाइको यो लायनिजम प्रतिको समर्पित भावलाई धन्यबाद अर्पण गर्दछु ।

यो वर्ष District Governor Lion Ram Basel ज्यू ले I Believe in Teamwork मार्फत अगाडी बढाउनु भएका कार्यक्रमहरुलाई समेत वर्ष २०२२/२०२३ को अध्यक्ष लायन सन्त बहादुर लामिछाने र उहाँको टीमले उच्च प्राथमिकतासाथ योगदान दिएर क्लबलाई अझै मजबुत बनाउन समेत नेतृत्वदायी भूमिका खेल्नु हुनेछ भन्ने अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु ।
अन्त्यमा क्लब स्थापना गर्नु हुने Charter President, Past President, Charter सदस्यहरु र पछि क्लबमा आवद्ध सदस्यहरुले यो क्लबलाई सक्रिय र स्थापित क्लब बनाउन खेल्नु भएको भूमिका प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु ।

Lion Man Bahadur Roka
IPMCC
Lions Clubs International
District 325 I, Nepal

# शुभकामना सन्देश



**आदरणीय अध्यक्ष ज्यु**
**लायन्स क्लब अफ पोखरा डल्फिन**

सन् २०१४ मा स्थापना भै ९ औं बसन्त पार गरिरहेको लायन्स क्लब अफ पोखरा डल्फिन हाम्रो डिष्ट्रिककै सबल, सक्रिय र उदाहरणीय क्लब हो । यस क्लबले सेवाको क्षत्रमा गरेका योगदान उल्लेखनीय छ साथै क्लबका साथीहरुको एकता, सदस्यता बृद्धी , नयाँ क्लबहरुको स्पोन्सर, नेतृत्व क्षमता र साथित्वको भावनाको समेत उच्च सञ्हना गर्न चाहन्छु । एउटा लायन्स क्लबमा हुने सम्पूर्ण गुणहरुले भरिएको क्लबको भोलिको भविष्य पनि सुन्दर र सफल हुने देखिन्छ । यहाँहरुले आयोजना गरेका कार्यक्रमहरु र संयोजन गरेका क्याबिनेट बैठक समेत उत्कृष्ट थिए र भविश्यमा समेत हामी यहि निरन्तरता चाहन्छौं । मेरो होम क्लबले होस्ट गरेको घोडेपानीको क्याबिनेट बैठकमा यहाँहरुको सहभागिता मलाई अझै स्मरणमा ताजै छ । गभर्नर ज्युले आब्हान गर्नु भएको आइडल क्लाब निर्माणका लागि अध्यक्ष ज्यु सफल हुनुहुनेछ भन्ने विश्वास लिएको छु । यहाँहरु अन्य क्लबहरुको लागि एक मोडल क्लब बन्नु हुनेछ भन्ने आशा र विश्वासका साथ स्मारिका प्रकाशन हुन लागेकोमा हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

**लायन चन्द्र कुमार के.सी.**
**प्रथम भाई डिष्टिक् गभर्नर**
**३२५ आइ नेपाल**
**लायन वर्ष २०२२/२०२३**



LION BINOD DHUNGANA
Second Vice District Governor
Mobile +9779856022044
Email: pragatitt@gmail.com

प्रिय, अध्यक्ष
लायन सन्त बहादुर लामिछाने ज्यू,
लायन्स क्लब अफ पोखरा डल्फिन ।

सर्भिस, लिडरशिप र फोलोशिपको क्षेत्रमा आव्वल क्लव, लायन्स क्लव अफ पोखरा डल्फिनले आफ्नो पदस्थापनको अवसरमा क्लबको विगत देखि वर्तमान सम्मका गतिविधिहरुलाई समेटेर स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउदा हर्षित छु । यो स्मारिका क्लवका साथिलाई मात्र नभाई अन्य लायन्स क्लवहरू एवं समुदायको लागि समेत एउटा दस्तावेज बनोस, हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आदरणीय लायन,
पोखरा डल्फिन लायन्स क्लवले समुदायमा पुऱ्याएको सेवाको कार्यहरू, नेतृत्व विकासका कार्यक्रमहरू एवं भाइचारा सम्बधहरूलाई विगतमा जस्तै आगामी दिनहरुमा पनि अझ सशक्त ढंगवाट अगाडि बढाउने कुरामा म आशावादि छु । लायन वर्ष २०२१/२२ मा क्लवका अध्यक्ष लायन पदमलाल श्रेष्ठ सर र उहाँको टिमले गरेका सम्पूर्ण उत्कृष्ट कार्यहरूको अन्तर हृदय देखि वधाई ज्ञापन गर्दछु । लायन वर्ष २०२२/२३ लाई उत्कृष्ट वर्ष बनाउन समाज रूपान्तरणको अभियानमा नेतृत्व प्रदान गर्नुहुने अध्यक्ष लायन शान्त बहादुर लामिछाने सर लगायतको टिमलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अन्तमा, क्लवलाई आजको स्थान सम्म पुऱ्याउदै डिस्ट्रिक्टका महत्वपूर्ण पदहरूमा रहेर कार्य गर्नुहुने पोखरा डल्फिन लायन्स क्लबका संस्थापक अध्यक्ष एवं पूर्व अध्यक्ष ज्यूहरु प्रति आभार व्यक्त गर्दछु ।

"समाज रूपान्तरणको अभियानमा नेत्तृत्व र भाईचारा वृद्धि गर्दै संगै सहयात्रा गरौं ।"

धन्यवाद ।

लायन विनोद ढुंगाना
द्वितीय भाईस डिस्ट्रिक्ट गर्भनर
डिष्ट्रिक्ट ३२५ आई नेपाल

# शुभकामना सन्देश



लायन ऋषी गिरीज्यू
संयोजक स्मारिका प्रकाशन समिती
लायन्स क्लब अफ पोखरा डल्फिन

प्यारा लायन साथीहरु ,

लायन्स क्लब अफ पोखरा डल्फिनले आफ्नो क्लबका विगतका गतिविधि समावेस गरेर स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा म निकै हर्षित छु। संसारकै सबैभन्दा ठूलो सामाजिक संस्था लायन्स क्लब्स अन्तर्राष्ट्रियको मूल मन्त्र " WE SERVE " लाई आत्मसाथ गर्दै अगाडि बढिरहेको लायन्स क्लब अफ पोखरा डल्फिन ले समाज सेवाका क्षेत्रमा पुऱ्याएको योगदान अविस्मरणीय छ।

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ आइ बी १, नेपालको लायन वर्ष २०२१-०२२ मा लायन्स क्लब अफ पोखरा डल्फिनका अध्यक्ष पदमलाल श्रेष्ठज्यू र उहाँको टिमले पुऱ्याउनु भएको महत्वपूर्ण योगदानका कारणले गर्दा क्लबले महत्वपुर्ण फड्को मारेको मैले महसुल गरेकी छु। लायन पदम लाल सर र उहाँको टिम लाई धेरै धेरै सम्मान र बधाई छ।

क्लवका पूर्व अध्यक्ष लायन ऋषी गिरीज्यू र सम्पूर्ण पूर्व अध्यक्षहरुको सक्रियता र योगदान अत्यन्त सर्हानिय छ, लायन वर्ष २०१८/१९ मा डिष्ट्रिकले आयोजना गरेको दोस्रो क्याबिनेट बैठकलाई क्लबले ऐतिहाँसिक रुपमा सम्पन्न गरेकोमा सम्पूर्ण क्लब परिवारप्रति हार्दिक सम्मान छ।

लायन वर्ष २०२२/०२३ का अध्यक्ष लायन सन्त बहादुर लामिछानेज्यू लागायत सम्पुर्ण टिम प्रति हार्दिक बधाईका साथ कार्यकालको पुर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

गुणस्तरीय सेवा र उत्कृष्ट नेतृत्वको विकासका लागि एकजुट भएर सेवा गर्ने यो अभियानमा बिगतमा जस्तै यो वर्ष पनी हाम्रा डिस्ट्रिक्ट गभर्नर लायन राम बहादुर बसेलसरले अगाडी सार्नुभएको "I Believe in Teamwork " अन्तर्गतका कार्यक्रम लाइ सफल बनाउन समेत तपाईहरुको साथमा रहने प्रतिबद्धता व्यक्त गर्दछु

यस स्मारिका क्लब र लायन्सको दस्ताबेज बनोस र लायन्सलाई ब्राण्डिङ गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

अन्तमा लायन्स क्लब अफ पोखरा डल्फिनको उज्ज्वल भविष्यको कामना सहित क्लबका सम्पूर्ण मित्रहरुलाई शुभकामना व्यक्त गर्दछु।

लायन इन्दु लम्साल
पूर्व डिष्ट्रिक्ट गभर्नर
डिष्ट्रिक्ट ३२५ आई , नेपाल

# औपचारीक कार्यक्रम संचालन विधि

आसन ग्रहण

सभापतित्व/अध्यक्षता - संस्थाका अध्यक्ष

प्रमुख अतिथि

विशेष अतिथि

नि:वर्तमान अध्यक्ष

संस्थापक अध्यक्ष

अतिथि ज्यूहरु

पूर्व अध्यक्षहरु

संस्थाका पदाधिकारी

सभापतीबाट विधिवत कार्यक्रमको शुभारम्भ

राष्ट्रिय गान

झण्डाको अभिवादन

विश्व शान्तिको लागि १ मिनेट मौन प्रार्थना

स्वागत मन्तव्य-उपाध्यक्ष/संयोजक वा कुनै सदस्य

कार्यक्रम विधिवत उद्घाटन प्रमुख अतिथिबाट

बैठकमा छलफलका लागि निर्धारीत एजेण्डाहरु प्रस्तुत

एजेण्डाहरुमा केही थप घट भए सुझाव माग्ने तथा एजेण्डा पारित गर्ने

निर्धारीत विषयहरु माथि छलफल

निर्णय पारित

मन्तव्य

मन्तव्य

मन्तव्य

मन्तव्य प्रमुख अतिथिबाट ।

धन्यवाद ज्ञापन अध्यक्ष/उपाध्यक्ष, पूर्व अध्यक्ष वा संयोजक

कार्यक्रम समापन मन्तब्य सहित सभापतिबाट

# District Protocol

| S.N. | Protocal |
|---|---|
| 1. | District Governor |
| 2. | Immediate Past Multiple Council Chairperson |
| 3. | GLT/GMT/GST/FWC/LCIF MD Coordinators |
| 4. | First Vice District Governor |
| 5. | Second Vice District Governor |
| 6. | Multiple District Committee Chairpersons |
| 7. | Past Multiple Council Chairpersons |
| 8. | Past District Governors |
| 9. | District Cabinet Secretary |
| 10. | District Cabinet Treasurer |
| 11. | District Chief Advisor |
| 12. | District PRO in Chief |
| 13. | District Administrator |
| 14. | District Coordinators |
| 15. | Spouses of PMCC/VDG/PDG (Honorary) |
| 16. | District Chiefs |
| 17. | Assistant Chief Advisors |
| 18. | District Department Chiefs |
| 19. | Senior Advisors |
| 20. | Additional Cabinet Secretary |
| 21. | Additional Cabinet Treasurer |
| 22. | Senior AOGs |
| 23. | Honorary District Advisors |
| 24. | District Advisors |
| 25. | District AOGs |
| 26. | District PROs |
| 27. | Region Chairpersons |
| 28. | Department Officers |
| 29. | Zone Chairpersons |
| 30. | District Chairpersons |
| 31. | Leo Multiple Council President |
| 32. | Leo District Council President |
| 33. | Leo District Council Vice President |

# लायन वर्ष २०२०/२१ अध्यक्ष ला. कृष्ण कुमार श्रेष्ठको वार्षिक प्रतिवेदन



महापुरुष मेल्भिनजोन्स "हामी सेवा गर्छौं" भन्ने मुल अभिप्रायले स्थापना गर्नु भएको लायन्स क्लब इन्टरनेशनलअन्तरगतलायन्स क्लब अफ पोखरा डल्फिनको लायन बर्ष २०२०/०२१ को अध्यक्षता सम्पन्नगरि लायनबर्ष २०२१/०२२ को लागि लायन पदमलाल श्रेष्ठलाई पद हस्तान्तरण गरेको छु । कोभिड १९ को बाबजुद पनि हामीले लायनबर्ष २०२०/०२१ मा निम्न कार्यहरु सम्पन्न गरेका छौं ।

- जुलाई १मा रक्तदानकार्यक्रमगरि कार्यकाल शुरु गरियो ।
- सराङ्कोटको बाढीपिडितलाई नगद हस्तान्तरण गरि आर्थिक सर्पोट कार्यक्रमगरियो ।
- जुलाई २४क्लबको ७औं बार्षिकोत्वकको अवसरमामाटेपानीगुम्बाफेदीमा बृक्षारोपणतथागोडमेल कार्यक्रमगरियो ।
- जुलाई २४ मा चार्टर नाइट सेलिब्रेशन कार्यक्रम गरियो ।
- अगस्ट ९ मा नेपालमा लायन्य ५० औं बर्षको अवसरमा भलाम स्थित सन्यास आश्रममा बृद्धहरुलाई खाद्यान्न सामाग्रीवितरणगरियो ।
- विभिन्न चरणमा ओरिन्टेशनगरि शितलश्रेष्ठको नेतृत्वमालायन्स क्लबअफपोखरा पेन्गुइन स्पोन्सर गरियो ।
- विभिन्नवेविनारहरुमा सक्रिय सहभागिताजनाइयो ।

- ७५ रिपोटिङहरुनियमिततथा समयमा नै गरियो ।
- क्लबको मासिक रुपमा रेगुलर तथाबोर्ड बैठक भौतिक एवम् भर्चुलर रुपमा सम्पन्न गरियो ।
- इन्टरनेशनल, मल्टिपल र डिष्ट्रिकमाडियुज समयमा नै भुक्तानी गरियो ।
- विभिन्नतालिमतथाअन्तरक्रियामा सक्रिय रुपमा सहभागितागरियो ।
- नोभेम्बर २६ माडिजिटिम को उपस्थितिमाडिजिमिटकार्यक्रमगरियो ।
- नोभेम्बर १४ बालबालिकाहरुका लागि "Talk about Good Touch and Bad Touch" कार्यक्रम गरियो
- नोभेम्बर १४ मा कास्की, निर्मल पोखरीका किसानहरुलाई फलफुलका बोटबिरुवा हस्तान्तरण गरियो ।
- नोभेम्बर १३ मागोरखा, नारेश्वरको श्री विन्ध्यवासिनी मा.वि. मा माक्स, सेनिटाइजर, थर्मल गन तथा खेलकुदको सामाग्री वितरण गरियो ।
- नोभेम्बर १३ मा गोरखा, नारेश्वरको श्री जनदेवी आधारभुत विद्यालयमा स्टेशनरी तथा खेलकुदको सामाग्री वितरण गरियो ।
- नोभेम्बर २६, स्पोन्सर गरिएको ब्लबलाई चार्टर ह्यडओभर कार्यक्रम गरियो ।
- क्लबले प्रस्ताब गरेको NLF परियोजना स्विकृत भई गोरखा, भिमसेन गाउँपालिकाको भिमसेन आधारभुत विद्यालयमा ई.सि.डि. कक्षा स्थापना गरि हस्तान्तरण गरियो ।
- जुन १२ मा डिष्ट्रिकबाट प्राप्त स्वास्थ्य सामाग्री गोरखा, पालुङटारका विभिन्न अस्पताल तथा स्वास्थ्यचौकीहरुलाई हस्तान्तरण गरियो ।
- अप्रिल १४ मा भलाम स्थित एक गरिब परिवारलाई घर निमार्णका लागि निमार्ण सामाग्री हस्तान्तरण गरियो ।
- एल.सि.आई.एफ. मा $१०० कन्ट्रिबुट गरियो ।
- क्लबलाई बलियो तथा जिवन्त बनाउन यस लायन बर्षमा रू. ५००००/- रकम संकलन गरि १५ जना साथीहरूलाई आजीवन सदस्य बनाइयो , साथै

४ जना सदस्यहरु पनि आजीवन बन्न इच्छुक भएकाले आजीवन सदस्यता प्रदान गरियो ।

➲ कोभिड अस्पताल निर्माण सहयोगको लागि रू ४५००० ⁄- हस्तान्तरण गरि यो ।

मेरो कार्यकालमा सहयोग गर्नुहुने मेरो होम क्लबका आदरणीय लायन मित्रहरु, डिष्ट्रिक गर्भनर लायन मन बहादुर रोकाज्यू तथा डिजि टिम, कलस्टर प्रमुख लायन ऋषि गिरिज्यू, रिजन चेयरपर्सन लायन तिलक प्रसाद तिवारीज्यू, जोन चेयरपर्सन एवम् म्याचिङ फन्डका रकम दाता लायन भिष्मराज पौडेलज्यू, डल्फिनले स्पोन्सर गरेको क्लबका संस्थापक अध्यक्ष लायन शितल श्रेष्ठज्यू, एन.एल.एफ. परियोजनाका सहयोगी नेपाल लान्यस फाउन्डेसन र प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नु हुने सबैमा हार्दिक आभार एवम् नमन गर्दछु । बार्षिक कार्य योजना अनुसार सबै कार्यहरू सम्पन्न हुन सकेका छैन बाँकीकार्यहरू पदस्थापना हुनु भएको लायन पदमलाल श्रेष्ठ को टिमले पूरा गर्नु हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु । लायन बर्ष २०२१⁄२२ यस सशक्तटिमलाई सफल कार्यकाल को हार्दिक शुभकामना व्यक्त गर्दछु । यस टिमलाई मेरो पुर्ण सहयोगको प्रतिबद्धता जनाउँछु । मेरो सदैव सद्भाव
रहनेछ ।

धन्यवाद ! जय लायनवाद!! जय डल्फिन!!!

अध्यक्ष
कृष्णकुमार श्रेष्ठ
लायन बर्ष २०२०⁄२१
लायन्स क्लब अफ पोखरा डल्फिन

| लायनबर्ष २०२०/२१आयव्ययप्रतिवेदन | | |
|---|---|---|
| आय | | |
| क्र सं. | विवरण | रकम |
| १ | सदस्य डियुज (२९ जनाको) | २९०००० |
| २ | डिष्ट्रिक को NLF बाटप्राप्त | ५०००० |
| ३ | Zone chairperson matching fund बाट प्राप्त | २०००० |
| ५ | NMB bank withdraw | ८००० |
| ६ | सराङ्कोट बाढिपिडितको लागि सदस्यहरुबाट संकलन | १९५१० |
| ७ | भलामनिमार्ण सामाग्री हस्तान्तरणको लागि सदस्यहरुबाट संकलन | १५०६० |
| ८ | कोभिड अस्पताल निमार्ण संकलन | ४५००० |
| ९ | रक्तदानकार्यक्रमबाट | ६६१० |
| १० | ःबतअजष्लन ागलम सम्पन्नगर्न लागि सदस्यहरुबाट संकलन | १४००० |
| ११ | डिष्ट्रिकको स्वास्थ्य सामाग्रीवितरणमाजाने बाटप्राप्त | ४५०० |
| १२ | १९ जनाआजिवन सदस्यबाट | ७६०००० |
| | जम्मा | १२३२६८० |
| | ४ जनाको आजिवन सदस्य वितरण भए पनि भुक्तानी बाँकी | १६०००० |

| व्यय | | |
|---|---|---|
| क्र.सं. | विवरण | रकम |
| १ | रक्तदानकार्यक्रममा | १९८३० |
| २ | प्रतिकअफसेट विल | २६५६० |
| ३ | ब्लु हिमालयन मिटिङ खाजाखर्च | ११५६० |
| ५ | नयाँक्लबओरिन्टेशन | ६४५८ |
| ६ | अन्तराष्ट्रियडियुज | १७१,५६४ |
| ७ | डिष्ट्रिक तथा मल्टिपल डियुज | २४७०० |
| ८ | स्टेशनरी तथा स्वास्थ्य सामाग्री वितरण, बोटविरुवा हस्तान्तरण, बालबालिका तालिम (Matching fund Nature the future) | ३५६५० |
| ९ | Zone meeting | ३३५८५ |
| १० | समवेदनातथा भेटी | २५५० |
| ११ | भलामनिमार्ण सामाग्री हस्तान्तरणमा | १५०६० |
| १२ | कोभिड अस्पताल निमार्णमा | ४५००० |
| १३ | सराङकोट बाढिपिडितमा | १०५०० |
| १४ | NLF project (ECD Class Installation) | ९२०७० |
| १५ | Election Program | २७४८० |
| १६ | 3rd Cabinet meeting at Ktm | ७००० |
| १७ | Chatter night celebration | १०००० |
| १८ | Chatter installation of Penguin(New Club) | २२१५० |
| १९ | भलाम वृद्ध आश्रममाखाद्यान्नवितरण | १०१३५ |
| २० | वृक्षारोपण तथा गोडमेल | ४५०० |
| २१ | डिष्ट्रिकको स्वास्थ्य सामाग्रीवितरणमा | ४५०० |
| २२ | Minute hand over program | ४००० |
| | जम्मा | ५,८४,८५२ |

# लायन्स क्लब अफ पोखरा डल्फिनको विगत देखि वर्तमान सम्मको कोषको अवस्था

१) लायन बर्ष २०१४/०१५ मा
अध्यक्ष  लायन राम बहादुर बल्कोटि
जम्मा आय रु ६८९,४०२ /-
जम्मा खर्च रु ५७२७२१ /-
जम्मा बचत रु ११६६८१/-

२) लायन बर्ष २०१५/०१६ मा
अध्यक्ष लायन गोबिन्द बहादुर शाहि
जम्मा आय
रु ९,०९,११२ /-
जम्मा खर्च रु ८,००,३३० /-
यस बर्षको बचत रु १,०८,७८२/-
अघिल्लो बर्षको बचत रु ११६६८१/-
जम्मा बचत रु २,२५,४६३/-

३) लायन बर्ष २०१६/०१७ मा
अध्यक्ष लायन तिलक प्रसाद तिवारी

जम्मा आय
रु ८,०५,७८५ /-
जम्मा खर्च रु ५६८८९४ /-
यस बर्षको बचत रु २,३६,८९१/-
अघिल्लो बर्षको बचत रु २२५४६३
जम्मा बचत रु ४६२३५४/-
४) लायन बर्ष २०१७/०१८ मा
अध्यक्ष लायन ऋषि गिरी

जम्मा आय
रु १५,४६,२४९/-/-
जम्मा खर्च रु ८,६५,३७७ /-
यस बर्षको बचत रु ६,८०,८७२
( पढाउँ अभियान अक्षयकोष रु २,२१,१११/-) सहित
अघिल्लो बर्षको बचत रु ४,६२,३५४/-
जम्मा बचत रु ११,४३,२२५/-

५) लायन बर्ष २०१८/०१९मा
अध्यक्ष लायन उमेश चन्द्र देबकोटा
जम्मा आय
रु ७,६१,६८५ /-
जम्मा खर्च रु ६,९६,९५७ /-
यस बर्षको बचत रु ६४,७२८/-
अघिल्लो बर्षको बचत रु ११,४३,२२५/-
१ जना स्वर्ण सदस्यको रु १,००,०००/-
जम्मा बचत रु १३,०७,९५३

६) लायन बर्ष २०१९/०२०मा
अध्यक्ष लायन डाँसिराम सापकोटा
जम्मा आय
रु ? /-
जम्मा खर्च रु ?/-
यस बर्षको बचत रु ११०,०००/-(पढाउँ अभियान अक्षयकोष रु ५०,०००/- सहित )
अघिल्लो बर्षको बचत रु १३,०७,९५३ /-
१ जना स्वर्ण ,१ स्थाई सदस्यको , २ जना रेगुलर सदस्य रु ३,५०,०००/-
जम्मा बचत रु १७,६७,९५३/-

७) लायन बर्ष २०२०/०२१मा
अध्यक्ष लायन कृष्ण कुमार श्रेष्ठ
जम्मा आय
रु १०,७२,६८० /-
जम्मा खर्च रु ५,८४,८५२/-
यस बर्षको बढि खर्च रु १,२०,१७२/-
अघिल्लो बर्षको बचत रु १७,६७,९५३ /-
१५जना स्थाई सदस्यको रु ६,००,००० /-
जम्मा बचत रु २२,४७,७८१/-

८) लायन बर्ष २०२१/०२२मा
अध्यक्ष लायन पदम लाल श्रेष्ठ
जम्मा आय
रु /-
जम्मा खर्च रु ?/-
यस बर्षको बचत रु ?/-
अघिल्लो बर्षको बचत रु ? /-
? जना स्वर्ण ? स्थाई सदस्यको रु ? /-
जम्मा बचत रु

# लायन्स क्लब र यसको सदस्यता सम्बन्धी प्रावधान



**MJF** लायन धन राज आचार्य
**Past District Governor**

लायन्स क्लब अन्तराष्ट्रिय आफ्नो स्थापना कालमै स्पष्ट दृष्टिकोण लिएर अगाडि बढेको सामाजिक संस्था हो । संसारको जुनसुकै कुनामा जन्मिएको, जुनसुकै जात, धर्म, वर्ण, लिंग तथा राजनीतिक आस्था राख्ने व्यक्ति भए पनि ती सबैमा समान भाइचाराको सम्बन्ध राख्नु यसको मूल सिद्धान्त हो । त्यसैले यस संस्थामा जात, धर्म, वर्ण, लिंग र राजनीतिका आधारमा कसैलाई पनि भेदभाव गरिनु हुँदैन र यिनलाई लिएर क्लबमा बहस, छलफल गर्ने तथा पक्षविपक्षमा हुन पाइँदैन । विशुद्ध सेवामा समर्पित संसारकै सर्वोत्कृष्ट यस सामाजिक संस्थामा प्रवेश गर्नका लागि यसको विधिवत सदस्य बन्नु आवश्यक छ। संसारका जुनसुकै संघसंस्थाहरुको सदस्य बन्नको लागि विभन्न मापदण्ड बनाएका हुन्छन् । लायन्स क्लबका सदस्यका प्रकार र सदस्य बन्नको लागि अपनाउनु पर्ने मापदण्डहरु यसप्रकार छन् -

**(अ) सदस्यका प्रकारहरु (Types of Membership)**

झट्ट सुन्दा लायन्स क्लबमा एकै प्रकारका सदस्य मात्र रहेको महसुस हुन्छ तर लायन्स क्लबले आफ्ना सदस्यहरुलाई ७ भागमा विभाजन गरेको छ । सदस्यका प्रकारहरु निम्नानुसार रहेका छन् ।

**(क) सक्रिय सदस्य (Active Member)**

सामान्यतया लायन्स क्लबमा नियमित रुपमा काम गरिरहेका सदस्यहरुलाई सक्रिय सदस्यको रुपमा लिइन्छ। सक्रिय सदस्यता प्राप्त गर्ने केही विधिहरु छन् । लायन्स क्लबको सदस्यता निवेदन दिएर पाइँदैन। सदस्य बन्नका लागि आफ्नो समुदायको असल व्यक्ति हो भन्ने कुनै लायन्स क्लब वा लायन सदस्यलाई लागेमा तथा समाजलाई उसको सेवा र सहयोगको जरुरत छ भन्ने ठानेमा उसलाई सदस्य बन्नका लागि निमन्त्रणा गरिन्छ। तर उसले संस्थाको सबै मापदण्ड पूरा गर्नुपर्दछ। सक्रिय सदस्य ठहरिन कार्यक्रम तथा मिटिङमा भाग लिने, वार्षिक शुल्क बुझाउने, समूहमा काम गर्ने आदि मापदण्ड पूरा गर्नु आवश्यक हुन्छ । यस्ता सक्रिय सदस्यहरुले सबै खाले मताधिकार तथा अन्य अधिकारहरु प्राप्त गर्दछन् ।

सक्रिय सदस्यहरु पनि ५ प्रकारका हुन्छन् तर अधिकार र स्वरुप भने सबैको बराबर र उस्तै हुन्छ ।

**(१) संस्थापक सदस्य (Charter Member)**

नयाँ क्लब स्थापना गर्दाका बखतका नयाँ सदस्यहरुलाई संस्थापक सदस्य र अध्यक्षलाई संस्थापक अध्यक्ष (Charter President) भनिन्छ । नयाँ क्लब खोलेको ९० दिनभित्र

सदस्य भएका व्यक्तिहरुलाई संस्थापक सदस्यको रुपमा गणना गरिन्छ । क्लब स्थापनाको ९० दिनपछि थपिने सदस्य संस्थापक सदस्य बन्न पाउँदैनन् । संस्थापक सदस्यहरु प्रवेश शुल्क एकपटक र वार्षिक शुल्क हरेक वर्ष बुझाई सदस्यता नवीकरण गरिरहनु पर्दछ ।

(२) **नियमित सदस्य (Regular Member)**

पुरानो तथा स्थापित क्लबमा विचतिर थपिन आउने सदस्यलाई नियमित सदस्य भनिन्छ । यसप्रकारको सदस्यहरुलाई बोलीचालीको भाषामा लायन्स सदस्य भनेर बुझिन्छ । यसरी थपिने सदस्यले प्रवेश शुल्क एकपटक र वार्षिक शुल्क हरेक वर्ष बुझाउनु पर्दछ ।

(३) **पारिवारिक सदस्य (Family Membership)**

परिवारको कुनै सदस्य लायन्स क्लबको सदस्य भएको भए सोही परिवारमा बसोबास गर्ने र सोही क्लबको सदस्य भएमा मेम्बरसिप की नम्बर (Membership Key Number) प्राप्त गर्न अन्तर्राष्टियमा अनुरोध गरेपछि एउटा कोड नं. प्राप्त हुन्छ । तत्पश्चात् बढीमा ५ जनासम्म पारिवारिक सदस्य बन्न सक्दछन् । यस्ता सदस्यलाई मुख्य सदस्य बाहेकको हकमा वार्षिक शुल्कको ५० प्रतिशत मात्र शुल्क लाग्दछ तर प्रवेश शुलक भने सबै जनाले तिर्नुपर्छ । यस प्रकारका पारिवारिक सदस्यको मूल सदस्यले कुनै कारणवश क्लब छाडेमा उनीसँग जोडिएका सदस्यहरुले सो सुविधा पाउँदैनन् र उनीहरुले नियमित सदस्यसरह नै शुल्क बुझाई आफ्नो पूर्व अवस्था कायम गराउनु पर्दछ ।

(४) **विद्यार्थी सदस्यता (Student Membership)**

कुनै शिक्षण संस्थामा अध्ययन गरिरहेको र ३० वर्ष उमेर नपुगेको कुनै व्यक्ति विद्यार्थी सदस्य बन्न पाउँछ । यस्तो सदस्यले पनि वार्षिक शुल्कमा ५० प्रतिशत छुट पाउँछ । क्याम्पस क्लबमा त यो सुविधा छ नै अन्य क्लबमा पनि यो सुविधा लिन सकिन्छ ।

(५) **लियोबाट लायन सदस्यता (Leo to Lion Membership)**

लियो क्लबबाट लायन्स क्लबको सदस्य बन्न आउने सदस्यहरु यसमा पर्दछन् । यसरी लायन्स बन्ने सदस्यलाई पनि प्रवेश शुल्क र वार्षिक शुल्कमा ५० प्रतिशत छुट दिइएको हुन्छ तर उमेर ३० वर्ष पुगेपछि भने यो सुविधा प्राप्त हुँदैन ।

यी माथिका ५ वटै तरिकाबाट सदस्य भएका सबै लयन सदस्यहरुले सबै कार्यक्रममा भाग लिने, चुन्ने र चुनिने अधिकार प्राप्त गर्दछन् ।

(ख) **मेम्बर एट लार्ज (Member-at-Large)**

कुनै लायन्स सदस्य आफू सदस्य बनेको समुदाय वा स्थापबाट काम विशेषले टाढा गएको छ, इच्छा हुँदाहुँदै पनि क्लबमा सक्रिय भएर सेवा गनृ सक्दैन, क्लबको बैठक तथा कार्यक्रमहरुमा उपस्थित हुन सक्दैन भने त्यस्ता सदस्यहरुलाई मेम्बर एक लार्जको रुपमा राखिन्छ । यस्ता सदस्यहरु कुनै पनि जिम्मेवारीसहितको पदमा रहन पाउँदैनन् । साथै महाधिवेशनमा मत हाल्ने अधिकार पनि प्राप्त गर्दैनन् । तर, नियमित रुपमा वार्षिक शुल्क भने तिर्नुपर्दछ अर्थात् सदस्यता नवीकरण गरिरहनु पर्दछ ।

(ग) **मानार्थ सदस्य (Honorary Member)**

अन्य कुनै संस्थामा आबद्ध अथवा अर्को लायन्स क्लबको सदस्य बनेको व्यक्तिले समाजमा राम्रो काम गरेर छुट्टै पहिचान बनाउन सफल भएको छ भने त्यस्तो व्यक्तिलाई लायन्स क्लब

अन्तर्राष्ट्रियले मानार्थ सदस्यता प्रदान गर्न सक्छ । मानार्थ सदस्यता दिनु ठूलो सम्मान हो । मानार्थ सदस्यको सदस्यता, वार्षिक तथा नवीकरण शुल्क सबै सम्बन्धित क्लबले नै बेहोर्छ । मानार्थ सदस्यले सक्रिय सदस्यले पाउने सबै अधिकार प्राप्त गर्दैनन् ।

(घ) **आरक्षित सदस्य (Privileged Member)**

कुनै पनि लायन्स सदस्यले १५ वर्ष वा त्योभन्दा बढी सेवा गरिसकेको अवस्थामा शारीरिक अस्वस्थता, वृद्धत्व तथा अन्य विशेष कारणले लायन्समा सेवालाई निरन्तरता दिन नसके त्यस्ता सदस्यलाई आरक्षित सदस्यको रुपमा राखिन्छ । आरक्षित सदस्यहरुले मताधिकार प्राप्त गर्दछन् तर कुनै पनि जिम्मेवारीको पदमा बस्न भने पाउँदैनन् । सदस्यता शुल्क भने अरुसरह नै तिर्नुपर्दछ ।

(ङ) **सम्मिलित सदस्य (Associate Member)**

कुनै पनि लायन्स सदस्य काम विशेषले आफ्नो समुदाय वा आफ्नो क्लब भएको स्थानबाट बाहिर छ र आफ्नो क्लबमा सक्रिय रहन पाउँदैन भने उसले आफू बसिरहेको ठाउँको क्लबबाट सामाजिक सेवामा सहभागी हुन पाउँछ । यस्ता सदस्यहरुले क्लबभित्र नै हुने कार्यक्रमहरुमा सहभागी हुने तथा भोग गर्ने अधिकार प्राप्त गर्छन् तर डिस्ट्रिक्ट, मल्टिपल डिष्ट्रिक्ट तथा अन्तर ाष्ट्रिय महाधिवेशनहरुमा भने प्रतिनिधित्व गर्न पाउँदैनन् । साथै, क्लबभित्र पनि कुनै जिम्मेवारी युक्त पदमा रहन पनि पाउँदैनन् । यस्ता सदस्यहरुलाई सम्मिलित सदस्य (Associate member) भनिन्छ । स्थानीय शुल्क पायक पर्ने क्लबमा बुझाए पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय शुल्क पुरानै क्लब बाट बुझाउनुपर्छ । यस्ता सदस्यको मासिक सदस्यता विवरण भने पुरानै क्लबबाट नै अद्यावधिक गर्नुपर्छ ।

(च) **आवद्ध सदस्य (Affiliate Member)**

कुनै सदस्य क्लबका कार्यक्रमहरुमा पूर्ण रुपमा सहभागी हुन असमर्थ हुन्छ तर क्लब तथा क्लबका कार्यक्रमहरुलाई सहयोग गर्न चाहन्छ अर्थात् सामाजिक सेवाका कार्यक्रमहरुमा सहभागी हुन चाहन्छ भने त्यस्तो सदस्यलाई आवद्ध सदस्य (Affiliate Member) का रुपमा र ाखिन्छ । यस्ता सदस्यहरुले नियमित रुपमा सदस्यता शुल्क बुझाउनु पर्दछ । क्लबभित्र हुने सबै मताधिकार प्राप्त गर्दछन् तर डिष्ट्रिक, मल्टिपल डिस्ट्रिक तथा अन्तर्राष्ट्रिय महाधिवेशनहरुमा भने प्रतिनिधित्वले गर्न पाउँदैनन् । साथै क्लबभित्र पनि कुनै जिम्मेवारीयुक्त पदमा रहन सक्दै नन् । यस्तो सदस्य कुल सदस्य संख्याको २५% भन्दा बढी बनाउन पाइँदैन ।

(छ) **आजीवन सदस्य (Life Member)**

कुनै स्थापित क्लबमा २० वर्ष सक्रिय सेवा गरेको वा १५ वर्ष सेवा गरेको र ७० वर्ष उमेर पूरा भएको एवं नियमित सदस्य हुँदाहुँदै निको नहुने गरी लामो समयसम्म बिरामी भएको प्रमाणित गर्ने कागजात पेस गरी आजीवन सदस्यता वापत् एक मुष्ठ ६५० अमेरिकी डलर बुझाएर कुनै सदस्य आजीवन सदस्य बन्न पाउँछन् । यस्ता सदस्यले आजीवन वार्षिक शुल्क तिर्नु पर्दैन तर माथिका ३ वटा अवस्था भने प्रमाणित हुनुपर्छ । यस बाहेक आजीवन सदस्यको कुनै व्यवस्था गरिएको छैन । वार्षिक सदस्यता शुल्क भुक्तानीको प्रक्रियाबाहेक सक्रिय सदस्यले पाउने सम्पूर्ण अधिकार आजीवन सदस्यमा पनि अन्तर्निहित हुन्छ । स्थानीय र राष्ट्रिय शुल्कको हकमा तत्तत् स्तरका वोर्ड बैटकबाट निर्णय भए बमोजिम हुने गर्छ ।

सदस्य हुनको लागि एलसिआइले तोकेको मापदण्ड पूरा गरी एलसिआइबाट उपलब्ध फारम भरेर डिस्ट्रिक्ट मार्फत् लायन्स क्लब अन्तराष्ट्रियको प्रधान कार्यालयमा पठाउनु पर्दछ । लायन्स क्लब अन्तर्राष्ट्रियमा मानार्थ र सम्मिलित सदस्य बाहेक अरु कुनै सदस्य बाहेक अरु कुनै सदस्य दुई वटा क्लबको सदस्य हुन पाउँदैनन् ।

(छ) **नयाँ सदस्य थप्ने प्रक्रिया (Process to Add New Member)**

सदस्य थप्नका लागि कुनै पनि क्लबले आफ्नो क्लबमा ३ सदस्यीय सदस्यता समिति गठन गर्न सक्छ । उक्त सदस्यता समितिमा अध्यक्ष, उपाध्यक्ष र एक जना सदस्य रहनेछन् । एक वर्ष पूरा भएपछि उक्त समितिका अध्यक्ष हट्छन् । दोश्रो वर्षमा उपाध्यक्ष अध्यक्ष भई सदस्यले उपाध्यक्षको पदभार ग्रहण गर्छ । एकजना नयाँ सदस्य थपिन्छ । यो प्रक्रिया निरन्तर चलिर हन्छन् ।

पहिलो वर्षको अध्यक्षले १ वर्षमात्र, उपाध्यक्षले २ वर्ष, सदस्यले ३ वर्ष कार्यभार सम्हाने अवसर प्राप्त गर्दछन् । एउटै व्यक्तिले विभिन्न पदमा रहेर काम गर्दा कार्यशैलीमा निपूर्णता आउँछ । यसरी  चुनिने पदाधिकारीहरु बढी जनसम्पर्क भएको र निरन्तर रुपमा क्लबमा से वा गर्न अनुकूलता भएको व्यक्ति हुनुपर्छ । यस प्रकारको समितिबाट सिफारिस भई आएको व्यक्ति क्लबको पूर्ण बैठकमा सिफारिस सहित पेस गरेपछि बैठकले सर्वसम्मत रुपमा स्वीकार गरेमा मात्र क्लबमा नयाँ सदस्य बन्न पाउँछ । सर्वस्वीकार्य नभएसम्म सो प्रस्ताव स्थगित रहे को बुझ्नुपर्छ ।

**वर्तमान सदस्यता (Current Membership)**

जुलाई ३०, २०१६ सम्ममा लायन्स क्लब अन्तर्राष्ट्रियको कुल सदस्य सङ्ख्या करिब १४ लाख २० हजार रहेको छ भने करिब २६ हजार पाँच समय जना नेपालीहरु लायन सदस्य रहेका छन् । (पुनश्च : यो संख्या लायन्स क्लब अन्तर्राष्ट्रियको उपयुक्त मितिसम्मको हो । यसमा फेरवदल भइरहेको हुन्छ ।)

**लायन्स सदस्यताका फाइदाहरु (Benefits of Lion Membership)**

सेवामुखी भावना भई सेवाका क्षेत्रमा लाग्दा लायन्स सदस्यहरुले निम्नानुसार उपलब्धिहरु हाँसिल गर्न सक्छन् -

१. आवश्यक परेकालाई सहयोग (Helping those in need)

२. आत्मसन्तुष्टि (Self Satisfaction)

३. समुदायमा फरक ल्याउनु (Making a difference in the community)

४. आवश्यकतामा विश्वव्यापी प्रभाव (Having an impact on those in need worldwide)

५. नेतृत्वसिपको विकास (Developing Leadership Skill)

६. संचार क्षमता वृद्धि (Enhancing Communication Skill)

७. कार्ययोजना र साङ्गठनिक सिपको सदुपयोग (Utilization of planning and Organizational skill)

८. नयाँ व्यक्तिसँगको भेटघाट र नयाँ ठाउँ भ्रमण (Meeting New People and Visiting New Places)

९. सम्बन्ध बिस्तार गर्ने अवसर (Opportunities to network)

# नेपाल लायन्स फाउण्डेशन (NLF) को सदस्यता प्राप्त गर्ने पद्धति



MJF लायन ऋषि गिरी
**Past President/ Region Chairperson**

१) **आजिवन सदस्य (Life Membership)** :
कुनै पनि सक्रिय लायन सदस्यले फाउन्डेसनलाई रु. ५,१००/- सहयोग गरेपछि आजीवन सदस्यता प्राप्त गर्दछ। आजीवन सदस्यता लिनको लागि लायन्स सदस्य हुनैपर्ने प्रावधान छैन, संस्थाले चाहेमा गैरलायनलाई पनि सदस्यता प्रदान गर्न सक्छ ।

२) **प्रगतिशील सदस्यता (Progressive Membership)** :
एक पटक नेपाल लायन्स फाउनडेसनको सदस्यता प्राप्त गरिसकेपटि पुन : रु. ५,१००/- का दरले पटक पटक कोषमा रकम जम्मा गर्ने सदस्यले प्रगतिशील सदस्यता प्राप्त गर्दछ । यो कोषलाई अझ बलियो बनाउने सदस्यताको प्रकार हो । यस प्रकारको सदस्यताको लागि पनि यसअघि सदस्य भइसकेको हुनुपर्दछ वा तोकिएको रकम एकमुष्ट बुझाउनुपर्दछ ।

३) **व्यक्ति वा संस्थागत सदस्यता (Individual or Organizational Membership)** :
कुनै पनि व्यक्ति लायन्स सदस्य नभएको वा कुनै संस्थाले नेपाल लायन्स फाउन्डेसनलाई सहयोग गर्ने चाहेमा रु. ५,१००/- वा सो भन्दा बढी सहयोग गर्न सक्दछन् । निजलाई आजीवन सदस्य घोषणा गर्ने नगर्ने अधिकार संस्थामा रहेको छ ।

४) **लिड डोनर (Lead Donor)** :
सहयोगीहरुलाई फरक ढङ्गले एकमुष्ट रकम सहयोग गर्न उत्प्रेरणा दिनका निमित्त लिड डोनरका रुपमा सहयोग गर्ने व्यवस्था मिलाइएको हो । यस अनुसार सहयोग ५ प्रकारबाट प्रदान गर्न सकिने व्यवस्था छ ।

क) लिड डोनर - मेगा (Lead Donor - Mega) : रु. २५,०००/- एकमुष्ट वा सोही व्यक्तिको नाममा पहिले नै जम्मा भइसकेको रकम समेत गरी रु. २५,५००/- जम्मा भइसकेको ।

ख) लिड डोनर - ग्राण्ड (Lead Donor - Grand) : रु. ५०,०००/- एकमुष्ट वा सोही व्यक्तिको नाममा पहिले नै जम्मा भइसकेको रकम समेत गरी रु. ५१,०००/- जम्मा भइसकेको ।

ग) लिड डोनर - प्लाटिनम (Lead Donor - Platinum) : रु. ७५,०००/- एकमुष्ट वा सोही व्यक्तिको नाममा पहिले नै जम्मा भइसकेको रकम समेत गरी रु. ७६,५००/- जम्मा भइसकेको ।

घ) लिड डोनर - टाइटानियम (Lead Donor - Titanium) : रु. १,००,०००/- एकमुष्ट वा सोही व्यक्तिको नाममा पहिले नै जम्मा भइसकेको रकम समेत गरी रु. १,०२,०००/- जम्मा भइसकेको ।

ङ) यसपछि पनि क्रमबद्ध रुपमा १ लाख थप्दै गएमा प्रोग्रेसिभ टाइटानियम (Progressive Titanium) र पिनमा पन्ना इमरल्ड (Emerald) थपिँदै जाने छ । यसरी प्राप्त सम्पूर्ण रकम अक्षयकोषमा जम्मा हुन्छ । कुनै पनि अवस्थामा अक्षयकोष (मूलधन) खर्च गरिन्न । अक्षयको

# लायनवादमा डल्फिन



लायन सन्त बहादुर लामिछाने
स्मारिमा प्रकाशन समिति
सदस्य

